२०७३।१०।६

श्री विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय,
त्रि.वि., कीर्तिपुर ।

विषय : **निर्णय पठाइएको बारे ।**

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३।१०।५ को बैठकको निर्णय नं. १००४ त्यस कार्यालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध गर्दछु । निर्णयसँग सम्बन्धित फाइल संलग्न छ/छैन ।

भोलाप्रसाद ढकाल
कार्यकारी सचिव

निर्णय नं. १००४
आगामी स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्न आवश्यक पर्ने खर्चमा एकरुपता ल्याई आर्थिक अनुशासन कायम गर्न स्व.वि.यु. निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा विद्यार्थी संख्याका आधारमा निर्वाचन समिति गठन गर्न सक्ने र बैठक बस्न सक्ने गरी तपसिल बमोजिमको खर्च निर्वाचनसँग प्रत्यक्ष रुपले सरोकार राख्ने शीर्षकमा मात्रै खर्च गर्न पाइने र कुनै विशेष परिस्थिति उत्पन्न हुन गई तोकिएको सीमाभन्दा बढी (१०% भन्दा बढी) खर्च हुन गएमा त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट सिफारिस गर्ने गरी क्याम्पसको विद्यार्थी कल्याण र अन्य शीर्षकबाट खर्च गर्ने व्यवस्था गर्न स्वीकृति दिने निर्णय भयो :

**तपसिल**

| **सि.नं.** | **विवरण** | **रकम** | **निर्वाचन समितिको संख्या** | **बैठक संख्या** |
|---|---|---|---|---|
| १. | २०० सम्म विद्यार्थी संख्या भएको क्याम्पसमा | रु.७५,०००।- | ५ सदस्यीय | ७ (बढीमा) |
| २. | २०१ देखि १००० सम्म विद्यार्थी संख्या भएको क्याम्पसमा | रु.१,५०,०००।- | ९ सदस्यीय | १० (बढीमा) |
| ३. | १००१ देखि ३००० सम्म विद्यार्थी संख्या भएको क्याम्पसमा | रु.३,००,०००।- | ११ सदस्यीय | १० (बढीमा) |
| ४. | ३००१ देखि ५००० सम्म विद्यार्थी संख्या भएको क्याम्पसमा | रु.५,५०,०००।- | १५ सदस्यीय | १० (बढीमा) |
| ५. | ५००१ देखि माथि विद्यार्थी संख्या भएको क्याम्पसमा | रु.८,००,०००।- | १५ सदस्यीय | १० (बढीमा) |

**त्रि.वि.संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५०**

**<u>नियमः ३४९</u>**

**कार्यसमिति :** कार्यसमितिमा देहायबमोजिमका पदाधिकारी र सदस्य रहनेछन् ।

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सचिव | १ जना |
| (घ) सहायक सचिव | १ जना |
| (ङ) कोषाध्यक्ष | १ जना |
| (च) सदस्यहरु | ६ जना |

माथि खण्ड (च) मा जेसुकै लेखिएको भएतापनि क्याम्पसमा दुईसय सम्म विद्यार्थी संख्या भएकोमा पदाधिकारी सहित एघार जना, दुईसय एकदेखि एकहजारसम्म विद्यार्थी संख्या भएकोले पदाधिकारी सहित पन्ध्र जना, एकहजार एकदेखि तिनहजार विद्यार्थी संख्या भएकोमा पदाधिकारी सहित उन्नाइस जना, तिन हजार एकदेखि माथि विद्यार्थी सङ्ख्या भएकोमा पदाधिकारी सहित एकाइस जनाको कार्यसमिति हुनेछ ।